**Tribhuvan Journal** Vol. 4 No.1.pp.141-148, December, 2025; Research Management Cell, Tribhuvan Multiple Campus, Tribhuvan University, Nepal
DOI: **https://doi.org/10.3126/tribj.v4i1.94723**

# 'नासो' कथामा आदर्शोन्मुख यथार्थवाद

*कमलादेवी न्यौपाने*
*ndkamala4@gmail.com*
*त्रि.वि., त्रिभुवन बहुमुखी क्याम्पस, पाल्पा*

***Article History:*** *Received 20 May 2025; Reviewed 22 August 2025; Revised 25 October 2025; Accepted 28 November 2025*

**लेखसार**

*यस अनुसन्धानको अध्ययन क्षेत्र नेपाली कथा साहित्यलाई मानिएको छ । नेपाली कथा साहित्यमा विविध वाद, सिद्धान्त तथा प्रवृत्तिहरू विकसित भए तापनि आधुनिकताको आमन्त्रण गर्ने मुख्य प्रवृत्तिका रूपमा आदर्शोन्मुख यथार्थवादलाई लिइन्छ,, जुन प्रवृत्तिको प्रारम्भ गुरुप्रसाद मैनालीद्वारा भएको मानिन्छ । उनका नासो, परालको आगो, छिमेकी, कर्तव्यजस्ता अधिकांश कथाहरू आदर्शोन्मुख यथार्थवादका दृष्टिले ज्यादै अब्बल देखिन्छन् । प्रस्तुत अनुसन्धानमा मैनालीको नासो कथामा निहित आदर्शोन्मुख यथार्थवादी दृष्टिकोणलाई मुख्य आधार मानिएकाले आदर्शोन्मुख यथार्थवादी दृष्टिले नासो कथा कस्तो छ भन्ने मुख्य समस्यामा अनुसन्धान केन्द्रित रहेको छ । अनुसन्धानको समस्या निराकरण गरेर निचोडसम्म पुग्नका लागि प्राथमिक र द्वितीय दुबै तथ्याङ्कीय स्रोतसामग्रीको प्रयोग गरिएको छ । मैनालीको नासो कथालाई प्राथमिक स्रोतसामग्री र सिद्धान्तसम्बद्ध सामग्रीलाई द्वितीय स्रोतसामग्रीका रूपमा लिइएको छ । समस्या सैद्धान्तिक विधिद्वारा समाधान गर्न सकिने प्रकृतिको भएकाले यसमा गुणात्मक पद्धतिसँग निकट रहने विश्लेषणात्मक विधिको प्रयोग गरेर प्राप्य स्रोतसामग्रीलाई व्याख्या विश्लेषण गरेर निष्कर्षमा पुगिएको छ । नासो कथाको अध्ययनका आधारमा प्रस्तुत कथाका अधिकांश प्रसङ्गहरू तत्कालीन नेपाली परिवारका यथार्थ निकट भए तापनि पारिवारिक मनमुटाव, वैमनस्य र यसले सिर्जना गरेको पारिवारिक बेमेलको अवस्था नेपाली परिवारका लागि घातक अनुभूति गर्दै अर्थात् यथार्थताको पृष्ठभूमिमै कथाको अन्त्यतिर आदर्श परिवारको परिकल्पना कथाकार मैनालीले गरेका छन्, जसमा मनमुटावका कारण घर छोडेकी सुभद्राले नौलीमार्फत परिवारको दयनीय अवस्थाबोध गरेपछि पश्चात्ताप गरेर पुनः घर फर्किएको देखाइनुले कथामा यथार्थ दृष्टिकोणमात्र नभई आदर्शोन्मुख यथार्थवादी दृष्टिकोण रहेको निष्कर्ष यस अनुसन्धानमा निकालिएको छ ।*

**शब्दकुञ्जी:** *आदर्शोन्मुख, उपदेशात्मक, तत्कालीन, दम्पती, पारम्परिक, बेमेल, मनमुटाव*

## विषयपरिचय

नेपाली कथासाहित्यमा आधुनिक नेपाली पहिलो कथाकारका रूपमा गुरुप्रसाद मैनालीलाई ( वि.सं. १९५७-२०२८) चिनिन्छ । अलौकिक, तिलस्मी, जासुसी, अतिरञ्जनात्मक र उपदेशात्मक नेपाली कथा लेखनको परम्परालाई तोड्दै मैनालीले आधुनिकतालाई आमन्त्रण गरेका हुन् । तत्कालीन नेपाली समाजको यथार्थ धरातललाई आधार बनाएर कथा लेखनको शुभारम्भ गर्ने कार्य मैनालीबाट भएको मानिन्छ । अनौपचारिक रूपमा वि.सं. १९८४ देखि नै कथा लेख्न थालेका (मैनाली, २०५७, पृ. दुई शब्द) मैनालीले गुणात्मक दृष्टिले अब्बल र ससक्त कथाहरू लेखेका छन् । मूलतः लघु र मध्यम आकारका कथा लेख्ने कथाकार मैनालीको

एउटामात्रै कथासङ्ग्रह नासो प्रकाशित छ, जसमा सामाजिक विषयवस्तुमा आधारित एघारवटा कथाहरू सङ्कलित छन् । मैनालीले स्पष्ट भनेका छन् : “धेरै जसो कथाहरू मैले स्वयं देखेका र नजिकबाट सुनेका सामाजिक दृश्यहरूलाई लिएर लेखेको छु” (मैनाली, २०५७, पृ. दुई शब्द) । यस अभिव्यक्तिकै आधारमा मैनालीका कथामा तत्कालीन नेपाली समाजको यथास्थिति, सामाजिक प्रचलन, धार्मिक आस्था, निम्नवर्गीय नेपाली जनजीवनको दयनीय अवस्था, पारिवारिक कलह वा झैँझगडा, मनमुटाव तथा बेमेलजन्यस्थिति र त्यसले निम्त्याएका सामाजिक समस्याको जीवन्त चित्रण प्रस्तुत भएको थाहा पाउन सकिन्छ । उनका कथाहरू सामाजिक यथार्थमा आधारित भएकाले तत्कालीन नेपाली समाजका विविध समस्याको समाधान गर्नका लागि मैनालीले आफ्ना कथामा जुन विधिविधान वा तौरतरिका अवलम्बन गरेका छन्, त्यो नै समाजका लागि आदर्शोन्मुख यथार्थ बनेर प्रस्तुत भएको देखिन्छ ।

मैनालीले तत्कालीन नेपाली समाजको पारिवारिक जीवनशैली, विद्यमान संस्कार, संस्कृति र रीतिस्थिति आदिलाई मुख्य कथ्यवस्तु बनाएर कथाहरू लेखे तापनि नासो, छिमेकी, कर्तव्यजस्ता अधिकांश कथाहरूमा भने सामाजिक विकृति, विसङ्गति, कलह वा झैँझगडा, मतभिन्नता, पारिवारिक बेमेल तथा बेमेलका कारण देखापरेको कारुणिकस्थिति, निराशा र पारिवारिक पुनर्मिलनलाई प्रस्तुत गरेका छन् । यिनै समस्याहरूमध्ये आन्तरिक कलह वा पारिवारिक सदस्यहरूमा रहेको मतभिन्नताका कारण देखापरेको पारिवारिक बेमेललाई मुख्य विषयवस्तु बनाएर मैनालीले नासो कथाको सिर्जना गरेका छन् । परिवारका सदस्यहरूबीच मनमुटाव तथा मनोमालिन्य देखा पर्नु, शङ्का तथा उपशङ्का सिर्जना हुनु र यस्ता पक्षले कलह निम्त्याउने हुनाले पारिवारिक बेमेलको अवस्था, अशान्ति र असन्तुलन देखा पर्नु सामाजिक यथार्थपक्षसँग निकट रहेकाले नासो कथा यथार्थको निकट देखिन्छ भने उक्त सामाजिक समस्याको निराकरणका क्रममा अर्थात् मतभिन्नताले उत्पन्न गरेको मनमुटाव वा बेमेलको स्थितिलाई समाधान गर्ने क्रममा मैनालीले आदर्शपक्ष आत्मसात् गरेको पाइन्छ ।

मैनालीको नासो कथाको मुख्य धरातल सामाजिक यथार्थ र कथाको मुख्य उद्देश्य आदर्श समाजको निर्माण रहेकाले उनका कथामा आदर्शोन्मुख यथार्थवादको मिश्रण पाइन्छ । नासो कथामा यस किसिमको प्रवृत्ति देखा परेकाले वा नेपाली समाज आदर्श मार्गमा हिँड्नुपर्छ भन्ने अपेक्षा राखेकाले मैनालीको यस कथालाई आदर्शोन्मुख यथार्थवादी दृष्टिले अध्ययन गर्न सकिन्छ । नासो कथामा तत्कालीन नेपाली समाजअन्तर्गतको पारिवारिक मनमुटाव वा बेमेलका कारण देवीरमणकी जेठी श्रीमती सुभद्राले घर छोडेको र पुनर्मिलन भएको देखाइएको छ । कथाकार मैनालीले यस कथामा तत्कालीन नेपाली समाजका संस्कार, संस्कृति, मध्यम वर्गीय पारिवारिक अवस्थाको चित्रण जस्ताको तस्तै उतारेका छन् । यसै आधारमा उनलाई सामाजिक यथार्थवादी कथाकार भनिन्छ तर उनले कथामा यथार्थसँगसँगै अप्रत्यक्ष रूपमा अभिव्यक्त गरेको आदर्श पक्ष ज्यादै सबल र सशक्त रूपमा प्रस्तुत भएको छ । कथालाई विभिन्न सन्दर्भबाट विवेचना गर्न सकिने आधारहरू भए तापनि मैनालीको नासो कथामा निहित आदर्शोन्मुख यथार्थवादी दृष्टिकोणलाई केन्द्रमा राखेर अध्ययन गरिएको पाइँदैन, तसर्थ कथाकार मैनालीको नासो कथा आदर्शोन्मुख यथार्थवादी दृष्टिले अध्ययनीय रहेकाले यस लेखको मुख्य प्राज्ञिक समस्याका रूपमा प्रस्तुत समस्यालाई छनोट गरिएको हो । कथाकार मैनालीले नासो कथा आदर्शोन्मुख यथार्थवादलाई के, कसरी प्रस्तुत गरेका छन् भन्ने शोध प्रश्नमा केन्द्रित भई समस्याको विश्लेषण गर्नु यस अनुसन्धानको मुख्य उद्देश्य रहेको छ ।

## अध्ययनविधि

प्रस्तुत अध्ययन पूरा गर्नका लागि प्राथमिक र द्वितीयक दुवै स्रोतका सामग्री प्रयोग गरिएको छ । अनुसन्धानको मुख्य समस्या गुरुप्रसाद मैनालीको 'नासो' कथामा प्रयुक्त आदर्शोन्मुख यथार्थवाद भएकाले नासो कथालाई प्राथमिक सामग्रीका रूपमा लिइएको छ भने आदर्शवाद तथा यथार्थवादसँग सम्बन्धित सिद्धान्त, प्रकाशित लेख तथा कृतिलाई द्वितीय सामग्रीका रूपमा प्रयोग गरिएको छ । अनुसन्धानको समस्या मूलतः विश्लेषणमूलक भएकाले स्थापित सिद्धान्त यथार्थवाद र गुणात्मक विधिअन्तर्गत पर्ने विश्लेषणात्मक तथा व्याख्यात्मक विधि प्रयोग गरी समस्याको समाधान गरिएकाले प्रस्तुत अध्ययन गुणात्मक प्रकृतिको रहेको छ ।

## यथार्थवादको सैद्धान्तिक पर्याधार

ल्याटिनको रिअलिज्म (Realism) शब्दको नेपाली रूपान्तरण नै यथार्थवाद हो, जसको व्युत्पत्तिगत अर्थ वस्तुसत्य भन्ने हुन्छ । जीवनजगत्लाई मूल आधार मानेर त्यसको यथार्थपक्ष अध्ययन गर्ने साहित्यिक वाद वा सिद्धान्तलाई नै यथार्थवाद भनिन्छ । यथार्थवादको प्रारम्भिक विकास पाश्चात्य साहित्यबाट भएको हो । शाब्दिक रूपमा यसको प्रयोग सन् १८२६ तिर भए तापनि खास विकास भने उन्नाइसौं शताब्दीको उत्तरार्धतिर भएको मानिन्छ । पाश्चात्य साहित्यमा सन् १८५७ मा प्रकाशित स्याम्फ्लेरको 'ले रियलिज्म' शीर्षकको लेखलाई यथार्थवादको घोषणापत्र र फ्रान्सेली उपन्यासकार बाल्जाकलाई यथार्थवादका प्रथम प्रयोक्ताका रूपमा लिने गरिन्छ (शर्मा र लुइटेल, २०६१, पृ.२९६) । यथार्थवादको प्रारम्भिक विकास साहित्यिक आन्दोलनबाट भएको पाइन्छ अर्थात् तत्कालीन समयमा फ्रान्सेली साहित्यकारहरूले स्वच्छन्दतावादको यथास्थितिप्रति विमति जनाउँदै तत्कालीन साहित्यको यथार्थ चित्रण साहित्यमा उतारेपछि यथार्थवादको विकास भएको देखिन्छ ।

भौतिक वस्तुसँग ज्यादै निकट रहेकाले यथार्थवाद अन्य साहित्यिक वादका तुलनामा वस्तुपरक मानिन्छ । दर्शनमा यथार्थवादलाई सत्यवान् वा सत्यसँग सम्बन्धित सिद्धान्त विशेषका रूपमा मानिए तापनि साहित्यमा भने जुन वस्तु जस्तो छ त्यस्तै रूपमा त्यसको दुरुस्त चित्रण गर्ने वा वर्णन गर्ने साहित्य सिद्धान्त विशेषका रूपमा यसलाई लिइएको पाइन्छ (जोशी, २०५७, पृ. ३४) । यथार्थवादी सिद्धान्तले कुनै पनि सिर्जनाको मुख्य आधार जीवनजगत्को वास्तविक वा यथार्थ पक्षलाई मान्ने भएकाले कुनै पनि चीज वा वस्तुको वास्तविक पक्ष जस्तो छ त्यस्तै चित्रण साहित्यमा गर्ने सिद्धान्तका रूपमा यथार्थवादलाई लिने गरिन्छ (शर्मा र लुइटेल, २०६१, पृ.२९५) । साहित्यमा पनि यथार्थवादलाई समाजका विभिन्न क्षेत्र तथा पक्षहरूको वस्तुपरक अध्ययन गर्ने सिद्धान्तका रूपमा लिइन्छ । विशेष गरी समाजलाई सांस्कृतिक विविधता, सेवासुविधाको असमान वितरण, वर्गीय विभेद, वस्तुपरकता आदिका आधारमा हेर्ने साहित्यिक दृष्टिकोण यथार्थवाद भएकाले यसलाई विशुद्ध यथार्थवाद, विवेचनात्मक यथार्थवाद, सामाजिक यथार्थवाद, नव यथार्थवाद, समाजवादी यथार्थवाद, ऐतिहासिक यथार्थवाद, मनोवैज्ञानिक यथार्थवादजस्ता विभिन्न शाखामा वर्गीकरण गरिएको पाइन्छ (श्रेष्ठ, २०५४, पृ.१५६) । यथार्थवादी सैद्धान्तिक मान्यताबाट समाजलाई हेर्ने जुन दृष्टिकोण छ, त्यसलाई सामाजिक यथार्थवादका नामले चिनिन्छ । यसले समाज वा सामाजिक विषयवस्तुको यथार्थ प्रतिबिम्बलाई हुबहु साहित्यमा उतार्नुपर्ने मान्यता राख्दछ । यतिमात्र होइन समाज तथा सामाजिक जनजीवनसँग सम्बन्धित संस्कार वा कुसंस्कार, आस्था वा अनास्था, रीति वा कुरीति, प्रथा वा कुप्रथा, धर्म, संस्कृति आदिको जीवन्त प्रस्तुति साहित्यमार्फत गरेर यिनै कुरीति, कुप्रथा, कुसंस्कार जस्ता विकृतिको समाधानका लागि स्रष्टाले आदर्श पक्षको निर्माण गरेको हुन्छ । वास्तवमा कथाकारले आफ्नो इन्द्रिय-प्रत्यक्षबाट सम्बन्धित विषयमा जेजस्तो ज्ञान वा भाववाद प्रस्तुत गर्छ ( श्रेष्ठ, २०५४, पृ.१५६) त्यो नै आदर्श हो । स्वस्थ समाज अथवा विकृति र विसङ्गतिरहित समाजको परिकल्पना

गरेर स्रष्टाले जुन सन्देश व्यक्त गर्दछ, त्यो नै आदर्शोन्मुख दृष्टिकोण हुन्छ । नेपाली कथासाहित्यमा नैतिक उपदेश दिने उद्देश्यले लेखिएका कथाहरू नै आदर्शवादी कथाहरू हुन् (गैरे, २०७४, पृ.२९) ।

आदर्शवाद र यथार्थवाद दुवै समाजलाई हेर्ने साहित्यिक दृष्टिकोण हुन् । जीवनजगत्को ज्यादै महत्त्वपूर्ण पक्ष जनजीवन र उनीहरूसँग सम्बन्धित सामाजिक वस्तुस्थितिसँग यी दुवैको सम्बन्ध रहेको हुन्छ । विकासको प्रारम्भिककालमा यथार्थवादलाई समाजको ऐना भन्ने गरिएको पाइन्छ जसले समाजका बाह्यपक्षको हुबहु आकृतिलाई उतार्ने प्रयास गरेको देखिन्छ । पछि समाजको यथार्थपक्षलाई मात्र नभई समाज र सामाजिक जनजीवनसँग सम्बन्धित राम्रा-नराम्रा दुवै पक्षहरूको चित्रण गर्नुपर्ने र त्यस्ता सामाजिक समस्याको समाधान गरी सामाजिक विकासमा योगदान पुऱ्याउनुपर्ने मान्यता यथार्थवादमा विकास भएको देखिन्छ । यही अवधारणामा यथार्थवादअन्तर्गत नै आदर्शवादको विकास भएको पाइन्छ तर यस्तो आदर्श सामाजिक जनजीवनको सतहमा गहिरिएर हेर्दा यथार्थसँगसँगै प्रस्तुत हुने गरेकाले आदर्श समाजको अनुभव भावको स्तरमा गर्न सकिन्छ (गौतम, २०५०, पृ.३७ ) । समाजमा भएका सबै कुरा राम्रो मात्र हुनुपर्दछ भन्ने मान्यता यथार्थवादले राख्दैन र यर्थाथवादले जस्तो सबै कुरालाई जस्ताको त्यस्तै चित्रण गर्नुपर्दछ भन्ने मान्यता आदर्शवादले राख्दैन अर्थात् यथार्थवादले जीवनजगत्सँग सम्बन्धित कुनै पनि वस्तुको यथार्थ जस्तो छ त्यस्तै चित्रण साहित्यमा हुनुपर्ने मान्यता राख्दछ भने आदर्शवादले जुन कुरा जस्तो हुनुपर्ने हो वा हुनुपर्दछ त्यसैमा विशेष जोड दिनुपर्ने मान्यता राख्दछ, तसर्थ यी दुबै साहित्यिक मान्यतालाई एउटै सिक्काका दुईपाटाका रूपमा हेर्न सकिन्छ । समाज वा सामाजिक जनजीवनका लागि दुवै उत्तिकै महत्त्वपूर्ण मानिएको पाइन्छ । कुनै न कुनै रूपमा नैतिक सन्देश तथा आदर्श स्थापना गर्ने उद्देश्यले लेखिएका यस्ता साहित्यिक रचनामा नयाँ पुस्ताको परिवर्तनको झुकावलाई अस्वीकार नगरिए तापनि परम्पराप्रतिको समर्थन अधिक गरिएको हुन्छ (गौतम र अधिकारी, २०६९, पृ.५७) । सिर्जनामा यथार्थपरक समाज, व्यक्ति, अवस्था वा परिसूचकको चित्रणमात्र नभएर यसो भएमा भन्ने स्रष्टाको सन्देश वा परिकल्पना हुन्छ, जुन परिकल्पनामै आदर्शवाद प्रस्तुत भएको हुन्छ । आदर्शोन्मुख यथार्थवादी स्रष्टाहरूले मानिसमा दैवी गुण नदेखाइ मानवतावादी यथार्थ गुण वा प्रवृत्तिहरू सहिष्णुता, सहनशीलता, धैर्यता, सद्भाव, क्षमाशीलता आदिका माध्यमबाट आदर्शवादी दृष्टिकोण व्यक्त गरेका हुन्छन् । नेपाली कथासाहित्यमा गुरुप्रसाद मैनालीका कथा ग्रामीण जीवनका यथार्थवादी कथा हुन् तापनि उनका कथाको मूल उद्देश्य के छ भन्ने नभई के हुनुपर्दछ भन्ने रहेको छ  (शर्मा, २०५९, पृ.१६१) यसर्थमा नेपाली कथासाहित्यमा मैनालीलाई आदर्शोन्मुख यथार्थवादी कथाकार मानिन्छ र यसै प्रवृतिबाट उनका अधिकांश कथाहरू प्रभावित भएको देखिन्छ । स्वच्छन्दतावाद आदर्शवाद र यथार्थवाद स्वच्छन्दतावादका असहमति वा असमर्थनमा विकसित साहित्यिक सिद्धान्त भए पनि आधुनिक नेपाली कथामा भने यथार्थवादसँगै आदर्शवाद समिश्रण भएकाले नेपाली कथामा रुखो वा विशुद्ध यथार्थ पाइँदैन (शर्मा, २०५९, पृ.९१) । नेपाली कथामा आदर्शोन्मुख यथार्थवादी धाराको प्रारम्भ गर्ने गुरुप्रसाद मैनाली हुन् । मैनाली आदर्शोन्मुख यथार्थवादी धाराका आरम्भकर्ता मात्र नभई प्रथम प्रयोक्तासमेत मानिन्छन्, तसर्थ यस अध्ययनमा आदर्शोन्मुख यथार्थवादी दृष्टिकोणका आधारमा 'नासो' कथाको अध्ययन तथा विश्लेषण गरिएको छ ।

**नासो कथाको विश्लेषण**

गुरुप्रसाद मैनालीको नासो कथा लेखन (वि. सं. १९८४) र प्रकाशन (वि. सं. १९९२) दुवै दृष्टिले उनको पहिलो कथाका रूपमा चिनिन्छ । नेपाली समाज र जनजीवनलाई आधार बनाएर कथाकार मैनालीले *नासो* कथासङ्ग्रह प्रकाशित गरेका छन्, जसमा गुणात्मक दृष्टिले ज्यादै गहन तथा तत्कालीन नेपाली समाज र

जनजीवनको यथार्थसँग अधिक निकट एघार कथाहरू समाविष्ट छन् । यसर्थमा केही नेपाली स्रष्टाहरू उनलाई सामाजिक यथार्थवादी कथाकार भन्न रुचाउँछन् तर मैनालीका अधिकांश कथाहरूमा विशुद्ध यथार्थ नभई आदर्शोन्मुख यथार्थवाद रहेको पाइन्छ । उनका कथाहरूले नेपाली समाजका सामाजिक तथा पारिवारिक विकृति, विसङ्गति, कुसंस्कारजस्ता समस्यालाई निकै सूक्ष्म रूपमा चिरफार गरेका छन् । तत्कालीन नेपाली समाजलाई आधारभूमि बनाएका मैनालीका अधिकांश कथाका विषयवस्तु पारिवारिक समस्यामा केन्द्रित छन् (गौतम र अधिकारी, २०६९, पृ.५७) । पारम्परिक कुसंस्कार, रूढिवादी मूल्यमान्यता, धार्मिक अन्धविश्वासजस्ता पक्षले नेपालीहरूको पारिवारिक जीवनशैलीमा नकारात्मक प्रभाव पारेको सन्दर्भहरू मैनालीले आफ्ना कथाहरूमा प्रस्तुत गरेका छन् । पारिवारिक समस्यामा आधारित उनका कथाहरू बहुविवाह, बालविवाह, अंशवन्डा, जीउनी, सौता-सौताबीचको मनमुटाव तथा झगडा, सौतेली व्यवहारसँग सम्बन्धित छन् । मूलतः यस्ता सन्दर्भहरू सहरिया समाज वा परिवारभन्दा ग्रामीण परिवारका यथार्थसँग निकट देखिन्छ । मैनालीले समाजमा रहेका परम्परा, रीतिरिवाज, धर्म, संस्कृतिजस्ता सामाजिक यथार्थलाई आदर्शीकरण गरेर कथाहरू प्रस्तुत गरेको पाइन्छ (गौतम र अधिकारी, २०६९, पृ.५७) । कुनै पनि सामाजिक सन्दर्भहरूबाट नेपाली परिवार अझ थप दुर्घटित नहोस् भनेर कथाकार मैनालीले आफ्ना कथामा जुन परिकल्पना प्रस्तुत गरेका छन्, त्यो नै आदर्श बनेर प्रस्तुत भएको पाइन्छ । मैनालीका 'नासो', 'छिमेकी', 'कर्तव्य', 'परालको आगो' आदि कथाहरूमा यस किसिमको प्रवृत्ति निकै सशक्त बनेर देखापरेको छ ।

मैनालीको 'नासो' कथामा आदर्शोन्मुख यथार्थवादी दृष्टिकोण ज्यादै सशक्त रूपमा व्यक्त भएको छ । तत्कालीन नेपाली समाजको एउटा ग्रामीण परिवारको घटना सन्दर्भलाई यस कथाको मूल कथ्यवस्तु बनाइएको छ । उक्त कथामा वर्णित कथ्यवस्तु नेपाली समाजको यथार्थमा आधारित हुँदाहुँदै पनि परम्परित धर्मप्रति अधिक आस्था राखेर सन्तानकै निम्ति दोस्रो विवाह गर्नु वा सौतासौतीबीच ससाना कुरामा मनोमालिन्य भई कहल भएको देखाइनु, पारिवारिक बेमेलकै कारण सुभद्राले घर छोडेर हिँड्नु, करिब छ महिनापछिको अन्तरालमा सुभद्राको भेट नौलीसँग हुनु र कुराकानी गर्नु, पारिवारिक अवस्था सुनेर सुभद्रामा आत्मग्लानी उत्पन्न हुनु तथा पश्चाताप व्यक्त गर्नु र सुभद्रा पुनः घर फर्किनु, लक्ष्मी, सुभद्रा दुवैले भेटमा क्षमायाचना प्रकट गर्नुजस्ता प्रसंग तथा घटनाहरूको प्रस्तुतिले कथा विशुद्ध यथार्थवादीमात्र नभई आदर्शको निकट रहेको आधार पुष्टि गर्दछ । यस कथामा नारी सहनशीलता, अधिक धैर्यता, क्षमाशीलता, पश्चाताप, परोपकार, भगवान्‌समक्ष गरिएको मनोकामना वा मनको इच्छा, पूजाव्रत, धर्मप्रतिको अन्धविश्वास, सन्तानप्रतिको मोह र पारिवारिक कर्तव्य वा निष्ठाजस्ता सामाजिक संस्कार, प्रचलन तत्कालीन नेपाली समाज वा परिवारको यथार्थभन्दा आदर्शका निकट देखिन्छन् ।

कथाको मुख्य विषयवस्तु ग्रामीण परिवेशमा केन्द्रित रहेकाले सोहीअनुकूल कथाको प्रारम्भ भएको छ, जहाँ निसन्तान दम्पती देवीरमण र सुभद्राको पारिवारिक अवस्थालाई देखाइएको छ । दुवै विवाह भएको धेरै वर्ष बितिसक्दा पनि सन्तान नभएकाले चिन्तित देखिन्छन् । घरमा सबै चीज भरिपूर्ण भएको यस दम्पतीले सन्तान प्राप्तिकै निम्ति बाटो खन्ने, चौतारा चिन्ने, पशुपतिमा महादीप बाल्ने, हरिवंश पुराण लगाउने, बुटी वा जन्तर बाँध्ने, देवीदेवताको भाकल गर्ने, तीर्थव्रत, पूजापाठ विभिन्न कार्यहरू गर्दछन् र पनि उनीहरूलाई सन्तान हुँदैन । छरछिमेकले रिसका बेला 'अपूतो' भनी नामकरण गरेको सुन्दा देवीरमणकोमात्र होइन सुभद्राको पनि मुटु घोच्ने गरेको प्रसङ्ग कथामा व्यक्त गरिएको छ । यसरी विभिन्न कर्महरू गर्दा पनि सन्तान नभएपछि ज्योतिषीहरूको सल्लाहबमोजिम देवीरमण अर्को विवाह गर्न तयार हुन्छन् । श्रीमान्‌को खुसी नै आफ्नो खुसी ठानेकी सुभद्राले मुटुमा गाँठो पारेरै भए पनि दोस्रो विवाहका लागि चाँजोपाँजो मिलाउँछिन्, जुन सन्दर्भहरू तत्कालीन नेपाली

समाज वा परिवारको यथार्थ निकट देखिन्छन् । सुभद्रालाई पतिपरायणा नारी वा गृहलक्ष्मीका रूपमा स्वीकार गरेका देवीरमणले धर्मलाई साक्षी राखेर विधिविधानसहित बाह्र वर्षकी लक्ष्मीसँग दोस्रो विवाह गरेको सन्दर्भलाई देवीरमणकै अभिव्यक्तिद्वारा कथामा प्रस्तुत गरिएको छ, "सन्तानविना स्वर्गको बाटो छेकिन्छ भन्ने हिन्दू धर्म जानोस् । भोगको लालसाले होइन धर्मको आज्ञाले विवाह गरेको हुँ" (मैनाली, २०५७, पृ. २) । देवीरमणको यस अभिव्यक्तिमा मैनालीले तत्कालीन नेपाली समाज वा परिवारले धर्मलाई कतिसम्म आदर्श मान्दथ्यो भन्ने आदर्शवादी दृष्टिकोण प्रस्तुत गरेको पाइन्छ ।

विवाह सकिएपछि सुभद्राले आफूहरू दम्पती सुत्ने कोठाको आफ्नो स्थानमा लक्ष्मीलाई व्यवस्थापन गर्छिन् । सुभद्राका यी सबै दृष्य सूक्ष्म रूपमा त्यस घरकी नोकर्नी नौलीले नियालिरहेकी हुन्छे र सुभद्रालाई सौता लक्ष्मीप्रति शङ्काको बिउ रोपीदिँदै भन्छे "सौता भनेको मुटुको बह हो, आज ओच्छ्यान छोड्नुपर्‍यो भोलि घरै छाड्नुपर्छ कि के जानिसक्नु छ र !" (मैनाली, २०५७, पृ. ३) । कथाकार मैनालीले नौलीलाई परिवार भाड्ने, कहलका निम्ति उक्साउने पात्रमा निहित चरित्रलाई प्रस्तुत गरेका छन्, जसले एउटै परिवारभित्र बसेर पारिवारिक कहल, द्वेष, अशान्ति र बेमेललाई प्रोत्साहन गर्ने कार्य गर्दछन् । मैनालीले कथामा यथार्थसँगसँगै आदर्श प्रस्तुत गर्ने भएकाले नौलीलाई यथार्थ र सुभद्रालाई आदर्श पात्रका रूपमा चित्रण गरेका छन् । सुभद्राकी सानैदेखि सुखदुःख साटासाट गर्ने साथी भएकाले पनि देवीरमणको दोस्रो विवाहपश्चात् उनीहरू दुईबीच विभिन्न कुराकानी हुन्छन् । यसै सन्दर्भमा नौलीसँग सुभद्राले सन्तानप्रतिको आडभरोसालाई व्यक्त गरेको सन्दर्भ छ, जसमा सुभद्राले सन्तान भए करले पनि एक अँजुली पानी दिने, उसकै हातकाखमा आफ्नो सास गए आफूलाई सन्तोष हुने (मैनाली, २०५७, पृ. ३) कुरा व्यक्त गरेकी छन्, जुन प्रसङ्गबाट पारम्परिक धार्मिक आदर्शवादी दृष्टिकोणको प्रभाव देवीरमणमा मात्र होइन सुभद्रामा पनि उत्तिकै रहेको कुरा स्पष्ट बुझ्न सकिन्छ ।

नासो कथाको मध्य भागमा पारिवारिक मनमुटाव, त्यसले सिर्जना गरेको कलह र बेमेलको अवस्थालाई प्रस्तुत गरिएको छ । "ढिलो होस् तर छोरो होस्" भन्ने उक्ति सार्थक हुँदै विवाहको केही वर्षपछि लक्ष्मीलाई छोरो जन्मिन्छ । उसलाई खुवाउने, हेरविचार गर्ने वा हुर्काउने काम सुभद्राले गर्छिन् । बालक छोरो सुशीलले लक्ष्मीलाई भन्दा पनि सुभद्रालाई नै बढी महत्त्व दिने गरेपछि लक्ष्मीको अन्तर्हृदयमा सौता सुभद्राप्रतिको इर्ष्या भाव नजानिँदो रूपमा अङ्कुरित हुन थालेको पाइन्छ ।

तत्कालीन नेपाली समाजमा बालीनाली थन्क्याइसकेपछि तीर्थ जाने नेपाली परम्परालाई प्रस्तुत गरिएको छ । यस परम्पराको प्रभाव परेका देवीरमणमा पनि तीर्थ जाने हुटहुटी जाग्दछ । तीर्थ जान लागेका कयौं गाउँलेहरूले उनको आँगन भरिन्छ । गाउँका धेरै आइमाई जान लागेको देखेर लक्ष्मी पनि तीर्थ जानका लागि तयार हुन्छिन् र जिद्दी गरेर अगाडि लाग्छिन् । देवीरमणको कपडा समातेर बालक सुशील रुन थालेपछि उनी छोरा सुशीललाई पनि तीर्थ लान्छन् । तीर्थको सन्दर्भलाई सुभद्राले मनमुटावको विषय बनाउछिन् । कान्छीका सपरिवार लिएर जाँदा देवीरमणले आफूलाई एकपटक सोध्न समेत नसकेको गुनासो गर्छिन् । प्रस्तुत कथामा पारिवारिक मनमुटावको खास बीजतत्त्व देवीरमण र लक्ष्मीको तीर्थाटन बनेकाले पारिवारिक मनमुटाव, कलह, अशान्तिका लागि सानै कुराले पनि भयङ्कर रूप लिन सक्छ भन्ने सन्दर्भलाई कथाकार मैनालीले यसरी प्रस्तुत गरेका छन्, "मनोमालिन्यको एउटा सानो बिज चाहिन्छ । जो समयमा बढेर आफसेआफ भयङ्कर रूप धारण गर्दछ" ( मैनाली, २०५७, पृ. ५) । देवीरमण तीर्थबाट फर्किएको केही दिनमै लक्ष्मी र सुभद्राबिच ससाना कुरामा पनि कलह तथा एकअर्काबिच छेडछाड हुन थाल्दछ । सबै दृश्य देखेसुनेका दुई जोईका पोइ देवीरमणको मौनताले तत्कालीन नेपाली परिवारमा लोग्नेको यथार्थ अवस्थालाई प्रस्तुत गरेकाले उक्त सन्दर्भ यथार्थ निकट देखिन्छ ।

घरमा हरेक दिन ससाना कुरामा पनि कलह हुन थालेपछि सुभद्राले घर छाड्ने निर्णय गर्छिन् । फलस्वरूप रात्रिकालीन समयमा सानो कुटुरो काखीमा च्यापेर, अनुहारलाई छोपी सुभद्रा घरबाट रुँदै निस्किन्छिन् र आँगनमा पुगेर घरलाई नमस्कार गर्दै सरासर जङ्गलतिर लाग्छिन् । कथामा व्यक्त उक्त सन्दर्भले पनि सुभद्रा ज्यादै आदर्शवादी छन् भन्ने कुराको पुष्टि गर्दछ । सामान्य यथार्थ अवस्थामा आफूलाई आघात पुऱ्याउने वा उत्पीडनमा पार्ने कुनै पनि घरलाई कसैले नमस्कार गरेर वा सम्मानजनक भावमा त्याग्न सक्दैन, यसर्थ यस सन्दर्भलाई यथार्थनिकटभन्दा आदर्शनिकट मान्न सकिन्छ । यसरी प्रस्तुत कथाको प्रारम्भदेखि कथाको मध्यभाग वा सुभद्राले घर त्याग नगर्दासम्मका घटनासन्दर्भ तत्कालीन नेपाली परिवारको यथार्थ निकट देखिए तापनि कथाको मध्यभागको अन्तिममा प्रस्तुत प्रसङ्ग र अन्त्य भागका अधिकांश घटनासन्दर्भ तथा प्रसङ्ग आदर्शोन्मुख यथार्थवादमा केन्द्रित रहेका छन् ।

कथाको अन्त्यतिर सुभद्राले घर छाडेको सन्दर्भलाई देखाउँदै कथाकारले कथावस्तुलाई आदर्शोन्मुखतर्फ मोडेका छन् । सुभद्रा घर छाडेर फुपूकहाँ जानु र उनको दयनीय अवस्था प्रस्तुत गर्नु, सद्बीउ छर्न पशुपति पुगेकी नौलीको भेट सुभद्रासँग हुनु, लक्ष्मी नराम्रो रोग लागेर आजभोलि भएको कुरा सुनाउनु, सुशीलले सुभद्रालाई खोजिरहनु, देवीरमणले चमेना खाएर सुतेको प्रसङ्ग प्रस्तुत गर्दै र देवीरमणले "आफूले चिनेको चौतारी पापिनीले आफैँ भत्काएर गई" (मैनाली, २०५७, पृ.३) भन्नु, सुभद्राले घर छाडेपछि सबै कुरा भताभुङ्ग भएको देखाउनुजस्ता सन्दर्भले कथानक यथार्थका साथसाथै आदर्शतर्फ उन्मुख भएको स्पष्ट बुझ्न सकिन्छ । विशेषगरी नौली र सुभद्राको भेट अकस्मात् पशुपतिमा गराएर कथाकार मैनालीले उनीहरूकै संवादका माध्यमबाट आदर्श पक्षलाई अभिव्यक्त गरेका छन् । नौलीको भेटसँगै घरपरिवारको हालखबर सोधेकी सुभद्राले घरको यथास्थिति थाहा पाएपछि आफूले घर छाडेकोमा पछुताएको प्रसङ्गलाई यसरी व्यक्त गरिएको छ, "छि ! सौताको रीसले पोइको नाक काट्नु भनेको यही हो" (मैनाली, २०५७, पृ. ७) । घरको अवस्था सम्झेर हृदय छिया-छिया बनाएकी सुभद्राले पश्चताप गर्छिन् र उनले घरको दुःखद अवस्थामा नौली नहिँड्नुपर्ने विचार व्यक्त गर्दै "तैले पनि छाडेर आइछेस्" (मैनाली, २०५७, पृ. ७) भन्न पुगेकी छिन्, जुन अभिव्यक्ति उनको सन्दर्भमा यथार्थभन्दा आदर्शपरक देखिन्छ । सुभद्राको शारीरिक अवस्था थाहा पाएपछि देवीरमणको हृदय टुक्रिनु, उनले आफूलाई पापी महसुस गर्नु, घर छोडेको पश्चाताप गरेकी सुभद्रा आफैं पुनः घरमा फर्किनु, सुभद्राले लक्ष्मीसँग आफूले कर्तव्य बिर्सेको र लक्ष्मीले सुभद्राकै दर्शनका लागि एकमुठी सास मुस्किलले छुटिरहेको कुरा व्यक्त गर्नु, छोरा सुशीललाई नासोका रूपमा सुभद्रालाई सुम्पिएपछि मात्र उनको मृत्यु हुनु जस्ता प्रसङ्गहरू कथामा आदर्शोन्मुख यथार्थवादी दृष्टिकोणका रूपमा प्रस्तुत भएका छन् ।

## निष्कर्ष

गुरुप्रसाद मैनालीद्वारा लेखिएको नासो कथा नेपाली कथासाहित्यमा ज्यादै लोकप्रिय कथा मानिन्छ । नासो आदर्शोन्मुख यथार्थवादी कथा हो, जसमा निःसन्तान दम्पतीको पारिवारिक जीवनावस्था, त्यसका कारण उत्पन्न सामाजिक-धार्मिक दबाब, दोस्रो विवाह, सौतेलो सम्बन्धका बीचमा देखिएको द्वन्द्व, पारिवारिक मनमुटाव र त्यसले सिर्जना गरेको विघटनजस्ता प्रसङ्गहरू जीवन्त प्रस्तुत गरिएको छ । कथाका प्रारम्भिक घटनाहरू यथार्थपरक सामाजिक जीवनसँग प्रत्यक्ष सम्बन्धित देखिए पनि कथानकको विकासक्रममा सुभद्राको सहनशीलता, आत्मत्याग, पश्चात्ताप, लक्ष्मीको आध्यात्मिक आस्था, देवीरमणको धर्मप्रति समर्पणजस्ता आदर्शवादी मूल्यले कथालाई विशुद्ध यथार्थको सीमाभन्दा पर उठाएर आदर्शोन्मुख यथार्थको धरातलमा उभ्याउँछ ।

मैनालीले एकातिर नेपाली समाजको वास्तविकता–निसन्तान हुनुको पीडा, सौता सम्बन्धको तनाव, घरेलु कहल, शङ्का उपशङ्का, पुरुषको मौनता जस्ताको तस्तै प्रस्तुत गरेका छन् भने अर्कोतिर पात्रहरूलाई आदर्श गुणले विभूषित गरेर नेपाली परिवार कस्तो हुनसक्छ भन्ने नमूना चित्र पनि देखाएका छन् । विशेषतः सुभद्राले घर छाड्दा गरेको नमस्कार, पशुपतिमा सुभद्रा र नौलीको अनायास भएको भेट, नौली र सुभद्राका संवाद, लक्ष्मीको अन्तिम अवस्था, लक्ष्मीले सुभद्रालाई छोरो 'नासो'का रूपमा सुम्पिएको दृश्य, र अन्ततः सबै पात्रको मानसिकतामा आएको परिवर्तन आदि प्रसङ्गले कथामा प्रयुक्त आदर्शोन्मुख दृष्टिकोणलाई सबल बनाएका छन् ।

यसरी नासो कथाले नेपाली समाजको यथार्थलाई आधार बनाएर आदर्श मूल्य र मान्यतासँग गाँसेको हुनाले मैनाली आदर्शोन्मुख यथार्थवादी कथाकारका रूपमा स्थापित हुन्छन् । कथाले केवल सामाजिक यथार्थको प्रस्तुति मात्र गर्दैन, पारिवारिक सद्भाव, कर्तव्य, प्रेम, क्षमा, त्याग, आत्मपरिवर्तन जस्ता मानवीय गुण र आदर्श संस्कारजस्ता पक्षलाई समेत विशेष महत्त्व दिएको पाइन्छ । यिनै विविध सन्दर्भहरूको प्रस्तुति भएकाले 'नासो' कथामा आर्शोन्मुख यथार्थवादी दृष्टिकोण अभिव्यक्त भएको पुष्टि हुन्छ ।

## सन्दर्भसूची


गौतम, कृष्ण (२०५०), *आधुनिक आलोचना अनेक रूप अनेक पठन, काठमाडौं :* साझा प्रकाशन ।

गौतम, लक्ष्मणप्रसाद र अधिकारी ज्ञानु (२०६९), *नेपाली कथाको इतिहास,* काठमाडौं : नेपाल प्रज्ञाप्रतिष्ठान ।

गैर, शंकरप्रसाद (२०७४), *कथा सिद्धान्त र प्रतिनिधि नेपाली कथा,* पाल्पा : कमलादेवी न्यौपाने ।

जोशी, कुमारबहादुर (२०५७), *पाश्चात्य साहित्यका प्रमुखवाद* चौथो संस्क., पुलचोक : साझा प्रकाशन ।

मैनाली, गुरुप्रसाद (२०५७), *नासो,* ... संस्क., ललितपुर : साझा प्रकाशन ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६१), *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त.* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, हरिप्रसाद (२०५९), *कथाको सिद्धान्त र विवेचन,* काठमाडौं : नेपाल राजकीय प्रज्ञा- प्रतिष्ठान ।

श्रेष्ठ, ईश्वरकुमार (२०५४), *पूर्वीय एवम् पाश्चात्य समालोचना : प्रमुख मान्यता, वाद र प्रणाली* दोस्रो संस्क.,काठमाडौं : साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम (२०७८), *यथार्थवाद र नेपाली कथा परम्परामा आधुनिककालको प्रणयन* काठमाडौं : शिखा बुक्स ।